विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०६/३० मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन सम्बन्धमा। | महानगरको फोहोरमैला व्यवस्थापनको मोडालिटी एवम् निजी क्षेत्रलाई व्यवस्थापनको जिम्मेवारी दिने/नदिने विषयमा निर्क्योल समेत गर्ने सम्बन्धमा प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष (सबै), कार्यपालिका सदस्य (सबै) लगायत कार्यालयको सम्बन्धित महाशाखा/शाखाका कर्मचारीहरू समेतको टोली अध्ययन-अवलोकनका लागि धरान उप-महानगरपालिका जाने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | मर्मतसम्भार कार्यविधि, र शहरी पूर्वाधार कार्यविधि सम्बन्धमा। | विराटनगर महानगरपालिकामा विकास निर्माणका आयोजना एवम् मर्मत सम्भार कार्यलाई व्यवस्थित तथा प्रभावकारी ढङ्गले सञ्चालन गर्ने उद्देश्य अनुरूप पेस भएका "शहरी पूर्वाधार कार्यविधि, २०७९" र "मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७९" को मस्यौदा उपर छलफल भई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। |
| ३ | ग्रेडर खरिद सम्बन्धमा। | सडक निर्माण कार्यको लागि अत्यावश्यक हुने ग्रेडरको सहज उपलब्धता एवम् कामको गुणस्तर कायम गर्ने उद्देश्य अनुरुप कार्यविधि बनाई ग्रेडर खरिद गरी सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | पशु वधशाला निर्माणको बजेट व्यवस्थापन सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेटमा नेपाल सरकार, सशर्त कार्यक्रम अन्तर्गत पशु वधशाला स्थापना शीर्षकमा रु.९९,७०,०००।० रकम समेत विनियोजन भएको हुँदा विराटनगर-८ स्थित पशु वधशाला निर्माण कार्यको रु.२७,३९,१९,०३२।९६ र कम्पाउण्ड वाल तथा ग्याबियन कार्यको रु.२,२४,२८,५९२।९९ बराबरको लागत अनुमान स्वीकृत गरी बहुवर्षीय आयोजना कायम गरेर खरिद प्रक्रिया अगाडि बढाउने र उक्त आयोजनाको लागि यस आ.व.मा खर्च हुने अपुग रकम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी महानगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, उक्त आयोजनाको लागि आगामी वर्षहरूमा नेपाल सरकार/प्रदेश सरकार वा अन्य दातृ निकायबाट अनुदान प्राप्त नभएमा महानगरपालिकाले बाँकि बजेट व्यवस्था गर्ने समेत निर्णय गरियो। |
| ५ | महानगर बहुप्राविधिक शिक्षालयको भवन निर्माण सम्बन्धमा। | नेपाल सरकार, विशेष अनुदान कार्यक्रम अन्तर्गत महानगर बहुप्राविधिक शिक्षालय भवन निर्माण आयोजना स्वीकृत भई यस आ.व.को लागि रु.३ करोड रकम विनियोजन भएको हुँदा उक्त भवन निर्माण कार्यको रु.१२,७४,९६,३९०।५० बराबरको लागत अनुमान स्वीकृत गरी बहुवर्षीय आयोजना कायम गरेर खरिद प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साथै, उक्त आयोजनाको लागि आगामी वर्षहरूमा नेपाल सरकारबाट अनुदान प्राप्त नभएमा महानगरपालिकाले बाँकि बजेट व्यवस्था गर्ने समेत निर्णय गरियो। |

प्रतिलिपि ७९/७/३

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, मोरङ विराटनगर, प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ६ | नेपाल सरकार विशेष अनुदान अन्तर्गत पोषण सम्बन्धी कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | नेपाल सरकार, विशेष अनुदान कार्यक्रम अन्तर्गत बालबालिका विशेष स्वास्थ्य कार्यक्रम (पोषण) स्वीकृत भई यस आ.व.मा रु.१ करोड रकम विनियोजन भएकोले उक्त कार्यक्रमको प्रस्ताव तथा रु.९,९७,६५,४३३।० को लागत अनुमान स्वीकृत गरी बहुवर्षीय आयोजना कायम गरेर खरिद प्रक्रिया अघि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साथै, उक्त कार्यक्रमको लागि आगामी वर्षहरूमा नेपाल सरकारबाट अनुदान प्राप्त नभएमा महानगरपालिकाले बाँकि बजेट व्यवस्था गर्ने समेत निर्णय गरियो। |
| ७ | विराटनगर ९, गुद्री स्थित इ-प्लटमा बहुउद्देश्यीय व्यवसायिक कम्प्लेक्स निर्माण सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.९, गुद्री स्थित महानगरपालिकाको स्वामित्वमा रहेको जग्गामा बहुउद्देश्यीय व्यवसायिक कम्प्लेक्स निर्माण गर्ने प्रदेश लगानी प्राधिकरण, प्रदेश नं.१ सँग सम्झौता गरी प्रक्रिया अगाडि बढाउने कार्यपालिकाको मिति २०७८/०६/२२ को निर्णयको कार्यान्वयनको प्रक्रिया अघि बढाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ८ | विराटनगर २ स्थित इस्टर्न सिटी अपार्टमेन्टको नक्सा पास सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.२, बञ्जारा चोकस्थित इस्टर्न सिटी अपार्टमेन्टको प्रक्रिया पुऱ्याई नियमानुसार नक्सा पास गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ९ | आकाशे पुल निर्माण आयोजनाको ठेक्का खारेजी सम्बन्धमा। | स्थानीयवासीको अवरोधका कारण निर्माण कार्य अगाडि बढाउन नसकिएको आकाशे पुल निर्माण आयोजनाको ठेक्का खारेजी सम्बन्धमा पुनः अर्को बैठकमा छलफल गरी आवश्यक निर्णय गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| १० | राजश्व सम्बन्धी<br>(शीर्षक नतोकिएका सानातिना राजश्वका दररेट सम्बन्धमा)। | (क) वन ऐन, २०७६ को दफा ३५ र नियमावली, २०७९ को दफा ८१ मा भएको व्यवस्था अनुसार निजी वन दर्ता गर्ने अधिकार सम्बन्धित स्थानीय तहको भएकोमा विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७९ मा निजी वन दर्ता शुल्क र रुख कटान सिफारिस दस्तुर समावेश नभएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी निजी वन दर्ता शुल्क रु.३,०००।० र निजी रुख कटान सिफारिस दस्तुर प्रति गोटा रु.२००।० कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) विराटनगर महानगरपालिका क्षेत्रभित्र नक्सा पास नगरी निर्माण भएका जुनसुकै प्रकृतिको भवनको नक्सा स्वीकृत/नियमित तथा अभिलेखिकरणका लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी वडा नं.१८ र १९ को हकमा प्रति वर्गफिट रु.१२ र अन्य वडाहरूको हकमा प्रति वर्गफिट रु.२४ का दरले दस्तुर लिई नक्सा नियमित/अभिलेखिकरण गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ११ | विविध - नाला सरसफाई, लगायत। | (क) महानगरपालिका क्षेत्रभित्रको डुबान समस्या, पानी निकास एवम् सरसफाई समेतलाई मध्यनजर गर्दै ठूला तथा प्रमुख नालाहरूको सरसफाई गर्ने र सोका लागि आवश्यकताको आधारमा वडाहरूबाट माग भए बमोजिमका नाला छनौट गरी सरसफाई गर्ने, साथै उक्त कार्यको लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बजेट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

७९/०६/०३

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल